# चापाकोट नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

**चापाकोट,स्याङ्गजा**

**गण्डकी प्रदेश,नेपाल ।**

## बोलपत्र आव्हान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८।०४।१५**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा नगरसभावाट स्वीकृत आर्थिक ऐन २०७७ वमोजिम आ.व ०७८/०७९ को लागि आन्तरिक आय संकलन(ठेक्का वन्दोवस्ती) गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का अनुसार वोलपत्र फाराम खरिद गरि रितपुर्वक वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

| ठे.न. | घाटहरु | रकम रु.मा (भ्याट बाहेक) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|
| 01/NCB/CM/WORKS/2078-79 | ज्याग्दीखोला नाका ज्याग्दीघाट दामाचौरघाट सिमघाट देखि दार्सिङ् सितेघाट, साँखर नाका (बनकट्टाघाट देखि सोल्टीघाट), खोरियाघाट, निर्दिम बत्रा आदीघाट देखि सम्पासघाट सम्म | ७८,९६,३७२। | ३०००। |

**शर्तहरु :-**

१) वोलपत्र पेश गर्दा फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ताको प्रतिलिपी, दरभाउपत्र/बोलपत्र फारम दस्तुर वापत नेपाल बैंक सुन्तलीटार शाखामा रहेको आन्तरीक राजस्व खाता नं. १९००३००००१००१००००००१ मा जम्मा गरेको बैक भौचरको स्क्यान कपी सहित यो सुचना प्रकाशित भएको मितिले बोलपत्रको लागि दिन मिति २०७८/०५/१३ गते मध्यान्ह १२ बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

२) वोलपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि सुन्तलीटार स्थित १९००३००००३०००००००००१ धरौटी खातामा जम्मा गरेको बैक भौचर बोलपत्र/दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

३) म्याद भित्र पेश हुन आएका वोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २ बजे पछि वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) वोलपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

५) बोलपत्र स्विकृत भएमा स्विकृत सुचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत हुने रकम अनिवार्य बुझाउनुपर्ने छ र वाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७९ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको कार्य सम्पादन जमानत पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये ३० प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७८ साल फाल्गुण मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २० प्रतिशत रकम २०७९ साल बैशाख मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को बोलपत्रदाता लाई ठेक्का दिईनेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म वोलपत्र खरिद प्रक्रियामा भाग लिन पाउने छैनन् ।

७) नदिजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरी सडक (नाका, वाटो) निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च दावी गर्न पाईने छैन ।

८) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

९) प्राप्त वोलपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

११) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१२) उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज वोलपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१३) उत्खनन कार्यमा खटिने ठेकेदारले प्रारम्भिक बातावरणीय परिक्षण का शर्तका अलावा ठेक्का शर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

१४) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार,गण्डकी प्रदेश सरकार र यस कार्यालयबाट गरिएका निर्देशनहरुको बोलपत्रदाताले पालना गर्नु पर्नेछ

१५) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

(ध्रुव खनाल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत